# श्री तेघरी सामुदायिक वन उपभोक्ता समूह

गो.न.पा. ... तेघरी, कैलाली

पत्र सं. २०८०/०८१
च.नं. ३६

## गोलिया काठ बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१ १ १०

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजना तथा डि.व.का. कैलाली च.न.१११३ मिति २०८० ११ २० को संकलन सहमति अनुसार कटान मुछान भई यस समूहको घाटगद्दी स्थान समूहको कम्पाउण्ड घाटगद्दी गरि राखिएका साल जातका तपसिल अनुसारका काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलामविक्री गर्नुपर्ने भएकोले डि.व.का. कैलालीको च.न. २५७९ मिति २०८१ १ १० गतेकोलिलाम विक्रीवितरण सहमति सम्वन्धि पत्र अनुसार यो सूचना प्रकाशित गरिएकोछ । मु.अ.क. मा र्ता भएका काष्ठ व्यवसाय, ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले २२औं दिनभित्र शिलवन्द वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१. वन पैदावारको विवरण:

| सि.नं | जात | ग्रेड | थान | परिमाण (घ.मी.) | दाउरा चट्टा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खयर | | ४६ | ४२१.९६ | | |
| | | | ४६ | ४२१.९६ | | |

२. यो सूचना प्रथम पटक प्रकाशित मितिले २२औं दिन कार्यालय समयभित्र वोलपत्र फाराम खरिद गर्नुपर्नेछ ।

३. वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय :

क) अन्तिम मिति : २०८१।२।१ समय : १२:०० बजे

४. मु.अ.क. दर्ताको प्रमाण पत्र प्राप्त काष्ठ व्यववसायी वा फर्म तथा निकायले मात्र लिलम विक्रीको प्रतिस्पर्धामा भाग लिन पाउनेछ ।

५. वोलपत्रदाताले कबोल गरेको १०% ले हुन आउने धरौटी वापतको रकम यस समूहको नाँमा रहेको रा.बा. बैंक अत्तरियाको खाता नं. ................................ मा जम्मा गरि सोको भौचर वोलपत्रसंग दाखिला गर्नुपर्नेछ ।

६. वैंक ग्यारेण्टी (जमानत) पेश गरेमा कम्तिमा ६ महिनाको हुनुपर्नेछ ।

७. लिलाम विक्री हुने वन पैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नो खर्चमा उठाऐ लैजानु पर्नेछ ।

८. लिलामविक्री हुने वन पैदावारको घाटगद्दी (संकलन) खर्च यस समूहमा छुट्टै जम्मा गर्नुपर्नेछ ।

९. वोलपत्र फाराम प्रति प्रजाती रु. २००० (पछि फिर्ता नपाउने गरी) तिरी यस समूह तथा डिभिजन वन कार्यालय कैलालीबाट खरिद गर्न सकिनेछ ।

अध्यक्ष

सामुदायिक वन उपभोक्ता समूह
रुख रोपौं, वन जोगाऔं
गोदावरी न.पा.-२ कैलाली

१०. लिलाम बढावड हुने वन पैदावारक [illegible] समयभित्र यस समूहको घाटगद्दी स्थानमा गइ हेर्न सकिनेछ ।

११. लिलाममा भाग लिने काष्ठ व्यवसायी वाफर्म तथा निकायले नेपाली नागरिकताकोप्रमाण पत्रको प्रतिलिपी,करदर्ता प्रमाण पत्रको प्रतिलिपी, म.अ.क दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. दर्ता प्रमाण पत्रको प्रतिलिपी वोलपत्र साथ पेश गर्नुपर्नेछ ।

१२. निर्धारितगरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति ............. वजे समूहको कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परेमो दोश्रोदिन खोलिनेछ ।

१३. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम, निर्धारित मु.अ.क. संकलन खर्च तथा नियमानुसार लाग्ने अन्य खर्च समेत बुझाई सकारगरेको वन पदावारतोकिएको समयभित्र गठाई लैजानु पर्नेछ ।

१४. जसको नामवाट वोलत्र फारम खरिद गरिएको हो उसैको नामबाट वोलपत्र दालिा गर्नुपर्नेछ र अलग-अलग लटको वोलपत्र फराम अलग अलग खाममा राखी पेश गर्नुपर्नेछ ।

१५. रित नपगेको र शर्त राखेको वोलपत्र मान्य हुने छैन ।

१६. वोलपत्रमा उर्लेखत दररेट अंक र अक्षरमा फरक भए अक्षरलाई मान्यता दिईनेछ ।

१७. वोलपत्र फराम खोलदा वोलपत्रदाता वा निजको प्रतिनिधि नभएको कारणले खोल्नमा वाधा पर्ने छैन

१८. यो सूचना बमोजिम वोलपत्र सम्वन्धि काम कार्वाही कार्यालय समयभित्र हुनेछ तर तोकिएको दिन विदा परेमा सो दिन पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

१९. दर्ता हुन आएको वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा सुरक्षित रहनेछ ।

अध्यक्ष